संलग्न विवरण अनुसार बाँडफाँड भएका सौर्य सडक वत्तीका आयोजनाहरु गुणस्तर सुनिश्चितता गरी सञ्चालन गर्न संलग्न शर्तहरु सम्झौतामा नै समावेश गरी कार्यान्वयन गर्ने गराउने ~~नगरपालिकाहरुमा तोकि पठाउन उपयुक्त हुने~~ ।

तपसिल

१. जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यकम संचालन गर्दा सार्बजनिक खरिद ऐन,२०६३, सार्बजनिक खरिद नियमावली,२०६४, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ ,जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यकम संचालन कार्यविधि, २०७२ र सम्बन्धित अन्य प्रचलित कानून बमोजिम अधिकतम प्रस्पिर्धा हुने तथा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट निर्धारित स्पेशीफिकेशन तथा गुणस्तरको सुनिश्चितता हुने गरी कार्यान्वयनको ब्यबस्था नगरपालिकाहरुले मिलाउनु पर्ने छ ।

२. यस आ.व.मा सौर्य सडक वत्ती कार्यक्रम सञ्चालन गर्दा केन्द्रीय अनुदानमा आगामी आ.व.मा दायित्व सृजना नहुने गरी नगरपालिकाको श्रोत र उपभोक्ताको सहभागीता रकम समेतलाई आधार मानी सम्बन्धित नगरपालिकाबाट स्वीकृत भएअनुसार आ व ०७३।०७४ को प्रथम चौमासिक भित्र सम्पन्न हुने गरी वहुवर्षिय खरिद प्रक्रियाको माध्यमबाट कार्यान्वयन गर्ने व्यवस्था सम्बन्धीत नगरपालिकाहरुले मिलाउन सक्ने छ ।

३. तोकिएको कार्यक्रमका लागि निर्धारित स्पेशिफिकेशन बमोजिमको गुणस्तर सुनिश्चितताका लागी आपूर्तीकर्ता छनोटको योग्यताका आधार निर्धारण जस्ता बिषय समेत समावेश गरी नगरपालिका स्वयम्ले आवश्यक व्यवस्था मिलाउनुपर्ने छ । साथै मन्त्रालय/बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र / नवीकरणीय उर्जा परिक्षण केन्द्र / नगरपालिकाले जडान भएका सौर्य सडक वत्तीका सामाग्री जुनसुकै समयमा परिक्षण गर्न सक्ने र कुनै त्रुटी पाईएमा सोको सम्पूर्ण जबाफदेहिता आपूर्तीकर्तामा हुने प्रावधान सम्झौतामा नै राख्ने व्यवस्था सम्बन्धीत नगरपालिकाले मिलाउनु पर्ने छ ।

४. वारेन्टीको सुनिश्चतताका लागी नगरपालिकाबाट प्रतिस्पर्धाका आधारमा छनौट भएका आपूर्तीकर्तालाई सौर्य सडक वत्ती सामाग्रीको भुक्तानी अंकको स्थानीय आर्थिक प्रशासन नियमावली र अन्य प्रचलित कानून बमोजिम तोकिएको रकम धरौटी तथा आपूर्ती कर्ताको प्रमाणपत्रको प्रतिलिपी समेत राखि अभिलेख अध्यावधिक गर्नुपर्ने छ । साथै काबु बाहिरको परिस्थती बाहेक निश्चित अवधिमा समेत मर्मत हुने सुनिश्चितताका लागि पत्राचार भएको निश्चित अवधिभित्र मर्मत संभार नभएमा धरौटी रकमबाट मर्मत गरी सम्बन्धित आपूर्तिकर्ता वा जडानकर्तालाई आवश्यक कारवाही गर्ने समेतको ब्यबस्था सम्झौतामा नै राखी कार्यान्वयन गर्ने ब्यबस्था सम्बन्धित नगरपालिकाले मिलउनुपर्ने छ ।

५. माथी बुँदा नं. ३ मा उल्लेख भए अनुसार आयोजना संचालनकालागि **आपूर्तीकर्ता फर्महरुको योग्यताका आधारहरु तोक्दा सार्बजनिक खरिद ऐन ,२०६३, सार्बजनिक खरिद नियमावली ,२०६४ बमोजिम** आयोजनागतरुपमा नगरपालिकाहरुले निम्नानुसारको ब्यबस्था समेत लाई आधार मानी कार्यान्वयन गर्न गराउन सक्ने छन् :

क) **Turnover** को हकमा विगतको ५ वर्ष मध्ये सबभन्दा बढि कार्य गरेको ३ बर्षको कार्यको औषत रु. २५ लाख सम्मको कार्यक्रम सञ्चालनमा २.५ गुणा र १ करोड सम्मको कार्यक्रम सञ्चालनमा २ गुणा र सो भन्दा माथिको कार्यक्रम सञ्चालनको हकमा १.५ गुणा कार्यक्रम लागतको हुनुपर्ने ।

ख) **Similar nature of experience** : २ वटा योजना संचालन बाट जडान गर्नुपर्ने संख्या वरावरका दोब्बर संख्यामा सौर्य वत्ती जडान गरेको अनुभव भएको हुनुपर्ने तर एउटै योजनामा ४०० वटा वा सो भन्दा बढी सौर्य बत्तीको आयोजना संचालन गर्नुपर्ने भएमा २ वटा योजनाको कार्य गरेको अनुभव प्राप्त आपूर्तीकर्ता पाउन नसक्ने अवस्था भएमा जडान गरिने सौर्य बत्तीको संख्या बराबर कार्य गरेको अनुभव प्राप्त हुनुपर्ने ।

ग) जनशक्तिको व्यवस्था : २५ लाख सम्मको आयोजना सञ्चालनको हकमा १ जना ईलेक्ट्रीकल सब ईन्जिनियर र सो भन्दा माथिको रकम हुने आयोजनामा १ जना ईलेक्ट्रीकल ईन्जिनियर र २ जना सब ईलेक्ट्रीकल सब ईन्जिनियर/टेक्नीसियन भएको हुनुपर्ने ।

घ) **Line of credit** : कार्यक्रमको १/६ बराबरको **Line of credit Facilities** वा **cash flow** मौज्दात रहेको ।

ङ) कम्तीमा ५ वर्ष सोलार सम्बन्धी कार्य गरेको अनुभव भएको ।

च) मेसिनरी औजार : २५ लाखसम्मको कार्यक्रम सञ्चालन गर्दा कम्तिमा १ भर्‍याङ, १ मिनिटाटा भएको (भाडामा लिएर समेत गर्न सक्ने) र सो भन्दा माथिको रकमको आयोजनाका हकमा कम्तिमा २ वटा भर्‍याङ, २ वटा मिनिटाटा (भाडामा लिएर समेत गर्न सक्ने) व्यवस्था गरेको ।

छ)आपूर्तीकर्ता फर्म बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रमा सूचीकृत भएको हुनुपर्ने ।